# स्थानीय राजपत्र


## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७** **संख्या १२** **मिति २०८०/०५/२८**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### स्वास्थ्य बच्चा प्रतिस्पर्धा कार्यक्रम (सञ्चालन) कार्यविधि,२०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०५।२६

**प्रस्तावनाः** पालुङटार नगरपालिकाका बालबालिकाको स्याहार, आहार, विहार संवेदनशिल गराउने, पोषण अवस्थामा सुधार गराउने, जोखिममा रहेका बच्चाका अभिभावकलाई आवश्यक सन्देश, परामर्श र फलोअप योजना बनाई कार्यक्रम प्रभावकारी रुपले सञ्चालन गर्न बाञ्छनीय भएकोलें पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "स्वास्थ्य बच्चा प्रतिस्पर्धा कार्यक्रम (सञ्चालन) कार्यविधि,२०८०" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले स्वास्थ्य बच्चा प्रतिस्पर्धा कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "कार्यक्रम खर्च" भन्नाले लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य, कार्यक्रम र बजेट खुलेको खर्च सम्झनु पर्दछ ।

(ग) "जिम्मेवार शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) "नगर उप प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "पोषण" भन्नाले मान्छेको शरीरको वृद्धि विकासको लागि मद्दत गर्ने खाद्य पदार्थहरुमा पाइने शक्तिबर्द्धक रासायनिक तत्वलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "समिति" भन्नाले दफा (५) बमोजिम समिति सम्झनु पर्दछ ।

## परिच्छेद २

## उद्देश्य तथा कार्याक्रम कार्यान्वयन ढाँचा

**३. उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) कुपोषणको सिकार हुनबाट बचाउने,

(ख) बालबालिकाको पोषण र स्वास्थ्यमा सुधार ल्याउने,

(ग) बालबालिकामा कुपोषणबाट हुने शारीरिक, मानसिक अपाङ्गता समस्या न्यूनीकरण गर्ने ।

**४. कार्यक्रमको कार्यान्वयन ढाँचा :** कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिम हुनेछ ।

(क) प्रतिस्पर्धात्मक

(ख) नियमित फलोअप

## परिच्छेद ३

## कार्यान्वयन संरचना र क्रियाकलाप

**५. कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था :** (१) पालुङटार नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य बच्चा प्रतिस्पर्धा कार्यक्रमको योजना तर्जुमा, सञ्चालन एवं व्यवस्थापन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि तपशिल बमोजिमको एक समिति गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) उप प्रमुख | - | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| (घ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख | - | सदस्य |
| (ङ) सम्बन्धित वडाको स्वास्थ्य संस्था प्रमुख | - | सदस्य |
| (च) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. समितिको काम, कर्तव्य र अधिकार :** दफा (५) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने श्रोत व्यवस्थापन गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको सिलसिलामा नगर प्रमुख लगायत अन्य संघ संस्थाहरु सँग आवश्यक समन्वय गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा उपयुक्त प्रक्रिया एवं कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिगत निर्णयहरु गराउन समन्वय गर्ने,

(घ) कार्यक्रमको प्रभावकारिता पहिचान गरी योजना तर्जुमा गर्ने,

(ङ) नगर सभाबाट स्वीकृत क्षेत्रगत वजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालन गर्ने र खर्च रकम विवरणको लेखाजोखा गर्ने ।

## परिच्छेद ४

## कार्यक्रम सञ्चालन प्रक्रिया

**७. छनौट गर्ने आधार :** (१) देहाय बमोजिमको आधारमा कार्यक्रम प्रतिस्पर्धामा सहभागी बनाइएका बालबालिकालाई देहाय बमोजिमको सूचकको आधारमा मूलयाङ्कन गरिनेछ :-:

(क) बालबालिकाको पोषण र सरसफाइको अवस्था,

(ख) बालस्याहारप्रति अभिभावको बुझाइ, संवेदनशीलता र व्यवहार,

(ग) बालबालिकाको स्वास्थ्य परीक्षण,

(घ) स्वास्थ्य शाखाले आवश्यक ठानेको अन्य सूचक ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूल्याङ्कनको आधारमा जोखिमा रहेका बालबालिकाको पुनस्थापनका लागि सम्बन्धित अभिभावकलाई आवश्यक परामर्श दिइनेछ ।

**८. कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) स्वास्थ्य बच्चा प्रतिस्पर्धाको लागि स्वास्थ्य शाखाबाट कार्यतालिका बनाई प्रत्येक वडामा कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिस्पर्धामा १५-२४ महिनासम्मका बालबालिकालाई मात्र समावेश गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सहभागी बनाइएका बालबालिका मध्ये दफा ७ बमोजिमको सूचक पुरा गरी उच्च अङ्क प्राप्त गर्ने ३ जना बालबालिकालाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम पुरस्कार प्रदान गर्दा स्वास्थ्य शाखाले प्रत्येक वडालाई कार्यक्रम सञ्चालन गर्न विनियोजन गरेको रकमबाट ३० प्रतिशत, २० प्रतिशत र १० प्रतिशत रकम क्रमशः प्रथम, दोश्रो र तेश्रो हुने बालबालिकालाई प्रदान गरिनेछ र ४० प्रतिशत रकम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि खर्च गरिनेछ ।

**९. आवश्यक सामाग्री खरिद :** दफा (८) बमोजिम कार्यक्रम सञ्चालन गर्दा आवश्यक सामाग्री प्रचलित ऐन कानून अनुसार आवश्यकताको आधारमा खरिद गर्न सक्नेछ ।

## परिच्छेद ५

## विविध

**१०. अभिलेख राख्नु पर्ने :** यस कार्यक्रममा सहभागी हुने बालबालिकाको अभिलेख सम्बन्धित स्वास्थ्य संस्था वा प्रसुती केन्द्रमा राख्नु पर्नेछ ।

**११. प्रतिवेदन पेश गर्नु पर्ने :** (१) स्वास्थ्य शाखाले भए गरेको काम कारबाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यलयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१२. खर्च र लेखापरक्षीण :** कार्यक्रम सञ्चालनको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कार्यक्रमको आय व्ययको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षकबाट हुनेछ ।

(३) कार्यक्रमको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१३. व्याख्या, संशोधन र खारेजी :** यो कार्यविधिको व्याख्या, संशोधन तथा खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

**१४. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएमा सम्पूर्ण कुरा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत